यस वर्षको खुद नफा / नोक्सान	**८६५,८७०**	**६००,५९६**	**६३१,४०२**	**६५३,९१९**	**६४०,८७२**	**६८२,६९५**	**७११,८४०**	**७८९,०८६**	**७९७,६२९**	**१,५०५,५८७**

* संचालन अघिको खर्चको विस्तृत विवरण देहायको बुँदा नं. ८.६ (क) मा उल्लेख भए बमोजिम रहेको ।

प्राप्त भईसकेको तथा प्राप्त नभएको पूँजीगत आम्दानी भन्नाले योजनाको सम्पत्ति बाँडफाँड अन्तर्गत रहेको "साधारण शेयर र सूचिकृत धितोपत्रको आम्दानी" शिर्षक अन्तर्गतको आम्दानी रहेको ।

** लेखापरिक्षण खर्चमा लेखापरिक्षण शुल्क बाहेकको लेखापरिक्षण गर्दा लाग्ने अन्य खर्चहरु रहेको ।

*** सफ्टवेयर AMC (CDSC) खर्च धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (दोश्रो संशोधन, २०७३ सहितको) को अनुसूची २१ बमोजिम वार्षिक सफ्टवेयर संचालन खर्च रहेको र वर्षिक सफ्टवेयर मर्मत तथा संचालन खर्च (PCS) योजनाको संचालन सम्बन्धी खर्च भएकाले सो खर्चहरु योजनाको व्यवस्थापन सम्बन्धी कार्यभित्र समावेश नभएको ।

प्रक्षेपित नगद प्रवाह विवरण

रकम (रु. हजारमा)

विवरण/आर्थिक वर्ष	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०
संचालन गतिविधिबाट नगद प्रवाह										
आयबाट प्राप्त नगद	९६५,०००	६९७,८४७	७३४,२०४	७६१,१४५	७५१,७३७	७९७,०९४	८३०,४३१	९१३,०६२	९२६,६०८	१,६४३,६८४
खर्चबापत नगद भुक्तानी	(९९,१३०)	(९७,२५१)	(१०२,८०२)	(१०७,२२६)	(११०,८६६)	(११४,३९९)	(११८,५९१)	(१२३,९७७)	(१२८,९७९)	(१३८,०९६)
आयकर भुक्तानी	-	-	-	-	-	-	-	-	-	-
संचालन गतिविधिबाट कार्यशील पुँजीमा परिवर्तन अघिको नगद प्रवाह	**८६५,८७०**	**६००,५९६**	**६३१,४०२**	**६५३,९१९**	**६४०,८७२**	**६८२,६९५**	**७११,८४०**	**७८९,०८६**	**७९७,६२९**	**१,५०५,५८७**
चालु सम्पत्तिमा वृद्धि/कमी	(१२,०००)	(३,०३९)	(३८८)	(३१६)	(५,३०३)	(१,४२१)	(१,५५४)	७,४४४	(६६०)	(५१,८९८)
चालु दायित्वमा वृद्धि/कमी	२१,८०६	२,६१३	१,४१६	१,१०५	९४१	८८२	१,०८२	१,३४५	१,२८८	२,०२७
शेयर कारोबारको लागि राखिएको वित्तीय सम्पत्तिको प्राप्त हुन बाकी नाफा वा नोक्सानमा वृद्धि)/कमी	(३४०,०००)	(२२,०७०)	(२०,६८२)	(१६,८५८)	५,००४	(१२,६०७)	(१४,४४७)	(३९,५८४)	(१८,३६०)	४७९,६०३
शेयर लगानीमा वृद्धि/कमी	(३,४००,०००)	(२२०,६९६)	(२०६,८२१)	(१६८,५७६)	५०,०३८	(१२६,०६५)	(१४४,४६७)	(३९५,८४०)	(१८३,६०२)	४,७९६,०२९
डिबेन्चर लगानीमा वृद्धि/कमी	(२००,०००)	-	-	-	-	-	-	२००,०००	-	-
मुद्दती निक्षेपमा (वृद्धि) / कमी	(२००,०००)	(२५२,५८७)	(२५,८५३)	(२१,०७२)	(२७९,३१५)	(२४,८८१)	(२८,५१३)	(३२,६०९)	(३४,४२५)	(३,५१२,९०१)
संचालन गतिविधिबाट नगद प्रवाह(क)	**(३,२६४,३२४)**	**१०४,८१८**	**३७९,०७४**	**४४८,२०२**	**४१२,२३७**	**५१८,६०३**	**५२३,९४१**	**५२९,८४२**	**५६१,८७१**	**३,२१८,४४७**
लगानी गतिविधिबाट नगद प्रवाह										
धितोपत्र लगानीमा वृद्धि/कमी	-	-	-	-	-	-	-	-	-	-
स्थिर सम्पत्तिमा वृद्धि/कमी	-	-	-	-	-	-	-	-	-	-
लगानी गतिविधिबाट नगद प्रवाह (ख)	**-**	**-**	**-**	**-**	**-**	**-**	**-**	**-**	**-**	**-**
वित्तिय गतिविधिबाट नगद प्रवाह										
शेयर पूँजीमा (वृद्धि/(कमी)	४,०००,०००	-	-	-	-	-	-	-	-	-
लभांस भुक्तानी	-	(३२०,०००)	(४००,०००)	(४४०,०००)	(४८०,०००)	(४८०,०००)	(४८०,०००)	(५२०,०००)	(५६०,०००)	(५६०,०००)
वित्तिय गतिविधिबाट नगद प्रवाह (ग)	**४,०००,०००**	**(३२०,०००)**	**(४००,०००)**	**(४४०,०००)**	**(४८०,०००)**	**(४८०,०००)**	**(४८०,०००)**	**(५२०,०००)**	**(५६०,०००)**	**(५६०,०००)**
सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)	**७३५,६७६**	**(२१५,१८२)**	**(२०,९२६)**	**८,२०२**	**(६७,७६३)**	**३८,६०३**	**४३,९४१**	**९,८४२**	**१,८७१**	**२,६५८,४४७**
शुरु नगद तथा बैंक मौज्दात	**-**	**७३५,६७६**	**५२०,४९३**	**४९९,५६७**	**५०७,७६९**	**४४०,००६**	**४७८,६०९**	**५२२,५५०**	**५३२,३९२**	**५३४,२६२**
नगद तथा बैंक मौज्दात	**७३५,६७६**	**५२०,४९३**	**४९९,५६७**	**५०७,७६९**	**४४०,००६**	**४७८,६०९**	**५२२,५५०**	**५३२,३९२**	**५३४,२६२**	**३,१९२,७१०**

प्रति इकाई खुद सम्पत्ति मुल्यको गणना

रकम (रु. हजारमा)

विवरणहरू	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०
सम्पत्ति										
लगानीहरु	४,१४०,०००	४,६३५,३५२	४,८८८,७०८	५,०९५,२१४	५,३१९,४८७	५,४८३,०४०	५,६७०,४६७	५,९३८,५००	६,१७४,८८७	४,४१२,१५७
बैंक मौज्दात	७३५,६७६	५२०,४९३	४९९,५६७	५०७,७६९	४४०,००६	४७८,६०९	५२२,५५०	५३२,३९२	५३४,२६२	३,१९२,७१०
चालू सम्पत्तिहरू	१२,०००	१५,०३९	१५,४२७	१५,७४३	२१,०४५	२२,४६७	२४,०२०	१६,५७६	१७,२३६	६९,१३४
कुल सम्पत्तिहरू	**४,८८७,६७६**	**५,१७०,८८४**	**५,४०३,७०२**	**५,६१८,७२६**	**५,७८०,५३८**	**५,९८४,११५**	**६,२१७,०३७**	**६,४८७,४६८**	**६,७२६,३८५**	**७,६७४,०००**
दायित्वहरु										
चालू दायित्वहरु	२१,८०६	२४,४१९	२५,८३४	२६,९३९	२७,८८०	२८,७६२	२९,८४४	३१,१८९	३२,४७७	३४,५०५
इकाई-धनीहरुको कोष	४,८६५,८७०	५,१४६,४६६	५,३७७,८६८	५,५९१,७८६	५,७५२,६५८	५,९५५,३५३	६,१८७,१९३	६,४५६,२७९	६,६९३,९०८	७,६३९,४९६
कुल दायित्वहरु	**४,८८७,६७६**	**५,१७०,८८४**	**५,४०३,७०२**	**५,६१८,७२६**	**५,७८०,५३८**	**५,९८४,११५**	**६,२१७,०३७**	**६,४८७,४६८**	**६,७२६,३८५**	**७,६७४,०००**
इकाई संख्या	४००,०००	४००,०००	४००,०००	४००,०००	४००,०००	४००,०००	४००,०००	४००,०००	४००,०००	४००,०००
प्रति इकाई खुद सम्पत्ति मूल्य	**१२.१६**	**१२.८७**	**१३.४४**	**१३.९८**	**१४.३८**	**१४.८९**	**१५.४७**	**१६.१४**	**१६.७३**	**१९.१०**
लाभांश वितरण	८.०%	१०.०%	११.०%	१२.०%	१२.०%	१२.०%	१३.०%	१४.०%	१४.०%	–
वार्षिक लगानी वितरण	२१.६%	७.०%	५.८%	५.३%	४.०%	५.१%	५.८%	६.७%	५.९%	२३.६%
सुरु लगानीमा प्राप्त वार्षिक प्रतिफल	२९.६%	१७.०%	१६.८%	१७.३%	१६.०%	१७.१%	१८.८%	२०.७%	१९.९%	२३.६%

योजनाको सम्पत्तिको बाँडफाँड

विवरणहरू	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०
मुद्दती निक्षेपहरु	५%	१०%	१०%	१०%	१५%	१५%	१५%	१५%	१५%	७१%
बण्ड तथा डिबेन्चरहरु	५%	४%	४%	४%	४%	४%	४%	०%	०%	०%
साधारण शेयर र सूचिकृत धितोपत्र *	८५%	८०%	८०%	८०%	७६%	७६%	७६%	८०%	८०%	०%
सञ्चालन बैंक खाता **	५%	६%	६%	६%	५%	५%	५%	५%	५%	२९%

* साधारण शेयर र सूचिकृत धितोपत्र शिर्षक अन्तर्गत बोर्डमा दर्ता भएको धितोपत्र, सार्वजनिक निष्काशन भएको धितोपत्र तथा धितोपत्र विनिमय बजारमा सूचीकृत धितोपत्रहरु रहेको ।

** सञ्चालन बैंक खाता शिर्षक अन्तर्गत बैंक निक्षेप रहेको ।

साथै, सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३६ बमोजिमका सीमा अनुसार लगानी गर्ने व्यवस्था गरिएको ।

अनुमानित सम्पत्तिको बिनियोजन

अनुमानित सम्पत्तिको बिनियोजन	लगानी गर्ने अधिकतम प्रतिशत
इक्विटी मा लगानी	८५%
स्थिर आम्दानी हुने उपकरणहरु	१५%
बन्ड तथा डिबेन्चरहरु	५%
वैकल्पिक लगानी उपकरणहरू	१०%
नगद तथा बैंक मौज्दात	१०%

प्रक्षेपित प्रतिफलका आधारहरु

विवरणहरू	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०
मुद्दती निक्षेपहरु	४.५%	४.५%	४.५%	४.५%	५.५%	६.०%	६.५%	७.०%	७.०%	७.०%
बण्ड तथा डिबेन्चरहरु	९.०%	९.०%	९.०%	९.०%	९.०%	९.०%	९.०%	९.०%	९.०%	९.०%
नगद लाभांश	३.५%	३.५%	३.५%	३.५%	३.५%	३.५%	३.५%	३.५%	३.५%	३.५%
बोनस शेयर	४.०%	४.०%	४.०%	४.०%	४.०%	४.०%	४.०%	४.०%	४.०%	४.०%
आर्जित पूँजीगत नाफा/(नोक्सान)	२०.०%	२०.०%	२०.०%	२०.०%	२०.०%	२०.०%	२०.०%	२०.०%	२०.०%	२०.०%
आर्जित हुन बाँकी पूँजीगत नाफा/(नोक्सान)	२०.०%	२०.०%	२०.०%	२०.०%	२०.०%	२०.०%	२०.०%	२०.०%	२०.०%	२०.०%
सञ्चालन बैंक खाता	१.५%	१.५%	१.५%	१.५%	२.०%	२.०%	२.०%	२.०%	२.०%	२.०%

१. माथि उल्लेखित प्रक्षेपित प्रतिफल दर लगानी योग्य रकमका आधारमा गणना गरिनेछ। तर आर्जित पूँजी नाफा नोक्सान र आर्जित हुन बाँकी नाफा नोक्सान गणना गर्दा लगानी योग्य रकमको ५० प्रतिशत हुन आउने रकमका आधारमा गरिनेछ र शेयर बजारको प्रतिफलहरुमा स्थिरता दर्साउन वार्षिक पूँजीगत लाभहरु समान बनाइएको छ ।
२. विगत पाँच वर्षमा १ वर्षको औषत मुद्दती खाता र बचत खाताको ब्याजदरको आधारमा मुद्दति निक्षेप, अन्य स्थिर आय उपकरणहरु र नगद तथा बैंकमा रहेको मौज्दातको प्रतिफललाई अनुमान गरिएको छ ।
३. इक्वीटी लगानीको अनुमानित औषत नगद लाभांश प्रतिफलको आधारमा नगद लाभांश आम्दानी गणना गरिएको छ ।
४. इक्वीटी लगानीको अनुमानित औषत लाभांश प्रतिफलको आधारमा बोनस शेयर गणना गरिएको, जुन शेयरको निशर्ग वापत त्यस आ.व. को आर्जित मुनाफा रहने र आर्जित पूँजीगत लाभको रुपमा प्रस्तुत गरिएको ।
५. सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम २३ बमोजिम १.५० प्रतिशत योजना व्यवस्थापन शुल्क, ०.२ प्रतिशत डिपोजिटरी शुल्क र ०.०४ प्रतिशत कोष सुपरिवेक्षक शुल्क रहेको छ ।
६. धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ को नियम ३ र ४ साथै अनुसूची-२ बमोजिम सिडिएससी शुल्क तथा सुचिकरण शुल्क नेपाल स्टक एक्सचेन्जको नियमावलीमा उल्लेख भए बमोजिम गणना गरिएको छ ।
७. लेखापरिक्षण शुल्क पहिलो वर्षको लागि रु.५,६५,०००/- हुने प्रक्षेपण गरिएको छ ।
८. अन्य खर्चहरु वास्तविक रुपमा हुन सक्ने खर्चहरुको आधारमा प्रक्षेपण गरिएको छ ।
९. माथि उल्लेखित प्रक्षेपित विवरण तयार गर्ने विज्ञ श्री ए.पि.एम एण्ड एसोसियट्सका चार्टर्ड एकाउन्टेन्ट श्री अंकित तयाल रहनु भएको छ ।

८.६ योजनाको खर्च सम्बन्धी विवरण :

योजना अन्तर्गतका इकाईहरु बिक्रीका लागि नेपाल धितोपत्र बोर्डमा दर्ता गराउने, विवरण पुस्तिका स्वीकृत गरी बिक्री खुल्ला गर्ने, बिक्री बन्द गर्ने, बाँडफाँड गर्ने, नेपाल स्टक एक्सचेन्जमा सुचीकृत गराई दोस्रो बजार कारोबार व्यवस्था गराउने, सुचीकरण नविकरण गर्ने, योजनाको लेखा परिक्षण गराउने, नियमावलीको व्यवस्था बमोजिम योजना सम्बन्धी सूचना प्रकाशित गर्ने आदि कार्यका लागि देहाय अनुसार खर्च हुने अनुमान गरिएको छ ।

(क) योजना निष्काशनका लागि गरिने खर्च सम्बन्धी विवरण :

नियमावलीको व्यवस्था बमोजिमको नेपाल धितोपत्र बोर्डमा योजना दर्ता शुल्क ०.०५० प्रतिशत वा न्युनतम पन्ध्र लाख, सूचना प्रकाशन शुल्क, छपाई शुल्क, प्रशोधन शुल्क तथा हितग्राही खातामा इकाई वितरण शुल्क, अन्य निष्काशन तथा बिक्री प्रबन्ध तथा बाँडफाँड शुल्क, नेप्से सुचिकरण शुल्क आदिको विस्तृत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ :

विवरण	रकम (रु.)
धितोपत्र दर्ता आवेदन शुल्क (धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३, उपनियम २, अनुसूची २ बमोजिम)	२०,०००/-
विवरणपत्र प्रशोधन शुल्क (धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ११, उपनियम २, अनुसूची ६ बमोजिम)	२५,०००/-
योजना दर्ता शुल्क (सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम २४, उपनियम ५, अनुसूची १५	२,०००,०००/-
प्रक्षेपित वित्तीय विवरण प्रमाणिकरण शुल्क	३९,५५०/-
निष्काशन तथा बिक्री प्रबन्धक शुल्क	४,०००,०००/-
वैधानिक विज्ञापन, सूचना, विवरणपत्र तथा अन्य प्रकाशन खर्च	३००,०००/-
मिडिया खर्चहरु *	४,०००,०००/-
सिडिएससीको आस्बा सफ्टवेयर	२०,०००/-
प्रोफेशनल कम्प्युटर सिस्टमको लेखा सफ्टवेयर	९६०,५००/-
इकाई बाँडफाँड खर्च	८०,०००/-
प्रिन्टिङ्ग खर्च	३००,०००/-
बाँडफाँड भएका इकाइहरुको अभौतिकिकरण र सफ्टवेयर शुल्क	१७५,०००/-
धितोपत्र दर्ता आवेदन शुल्क (सिडिएससी)	३००,०००/-
नेप्से सुचिकरण शुल्क	११५,०००/-
कुल खर्च	**१२,३३५,०५०/-**

* मिडिया खर्चहरु शिर्षक अन्तर्गतको रकम अनुमानित अधिकतम खर्च रहेको र उक्त खर्चहरु वास्तविक बिलका आधारमा योजनाको खर्चमा लेखाङ्कन गरिनेछ ।

(ख) योजनाको नियमित खर्च सम्बन्धी विवरण :

१. सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था अनुसार सेवा शुल्क लिंदा सामूहिक लगानी कोषको योजनाको प्रत्येक हप्ताको अन्त्यमा कायम भएको खुद सम्पत्ति मूल्य गणना गरी सो को त्रैमासिक औषत कायम गरी त्रैमासिक रुपमा सो को वार्षिक १.५० प्रतिशतका दरले योजना व्यवस्थापन शुल्क, ०.२० प्रतिशतका दरले डिपोजिटरी शुल्क खर्च गरिनेछ ।
२. सामूहिक लगानी कोष नियमावलीले तोके बमोजिमको सिमा भित्र रहने गरी कोष प्रवर्द्धकसँगको सम्झौतामा भएको व्यवस्था अनुसारको कोष सुपरिवेक्षकहरुको हकमा योजनाको औषत खुद सम्पत्ति मूल्य गणना गरी अधिकतममा खुद सम्पत्ति मूल्यको ०.०४ प्रतिशतले हुन आउने रकम त्रैमासिक रुपमा कोष सुपरिवेक्षकलाई समानुपातिक हिसाबले सेवा शुल्क वापत प्रदान गरिनेछ ।
३. लेखापरीक्षण शुल्क, प्रचलित कानून बमोजिमको सूचना, अन्य जानकारी तथा प्रतिवेदन प्रकाशन शुल्क वास्तविक बिलको आधारमा खर्च गरिनेछ ।
४. नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (CDS and Clearing Limited) संग सम्बन्धित शुल्क नियम अनुसार खर्च गरिनेछ ।

नोटः नियामक निकायले तोकेको अवस्थामा सोही अनुसार ।

विवरणहरू	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०
कोष व्यवस्थापन शूल्क (रु. हजारमा)	७२,९८८	८१,९९७	८६,६६८	९०,४७७	९३,४९०	९६,५३०	१००,००८	१०४,६४४	१०८,८०९	११५,७९८
डिपोजिटरी शुल्क (रु. हजारमा)	९,७३२	१०,९३३	११,५५६	१२,०६४	१२,४६५	१२,८७१	१३,३३४	१३,९५३	१४,५०८	१५,४४०
कोष सूपरिवेक्षण शुल्क (रु. हजारमा)	१,९४६	२,१८७	२,३११	२,४१३	२,४९३	२,५७४	२,६६७	२,७९१	२,९०२	३,०८८

५. लेखापरीक्षण शुल्क : पहिलो र दोश्रो वर्ष रु.५,६५,०००/- हुनेछ ।
६. लेखापरीक्षण शुल्क वाहेक, लेखापरीक्षण गर्दा लाग्ने अन्य खर्चको लागी शुरुको वर्षमा ५०,०००/- लाग्ने र त्यसपछि प्रत्येक वर्षमा ५% ले वृद्दि हुने अनुमान गरिएको छ ।
७. नेपाल स्टक एक्सचेन्जमा सूचिकरण तथा नवीकरण शुल्क पहिलो वर्ष रु.१,६५,०००/- र त्यसपछि वार्षिक रु.५०,००० /- हुने अनुमान गरिएको छ ।
८. सिडिएससीमा सूचिकरण तथा नवीकरण शुल्क पहिलो वर्ष रु.३,००,०००/- र त्यसपछि वार्षिक रु.२,००,०००/- हुने अनुमान गरिएको छ ।
९. सूचना तथा पत्राचार सम्बन्धी शुल्क पहिलो र दोश्रो वर्ष रु.७,२०,०००/- हुने र प्रत्येक २ वर्षमा ५% ले वृद्दि हुने अनुमान गरिएको छ ।
१०. सिडिएससीको सफ्टवेयर शुल्क वार्षिक रु.२०,०००/- हुने अनुमान गरिएको छ ।
११. PCS को सफ्टवेयर शुल्क पहिलो वर्ष रु.१,४९,१६० /- र त्यसपछि प्रत्येक २ वर्षमा १०% ले वृद्धि हुने अनुमान गरिएको छ ।
१२. बैंक तथा अन्य शुल्क वार्षिक रु.५०,०००/- हुने अनुमान गरिएको छ ।
१३. कानुनी परामर्श शुल्क वार्षिक रु.१००,०००/- हुने अनुमान गरिएको छ ।
१४. प्रिन्टिङ्ग तथा स्टेशनरी शुल्क पहिलो वर्ष रु.२५,००० /- र त्यसपछि प्रत्येक वर्षमा १०% ले वृद्धि हुने अनुमान गरिएको छ ।
१५. योजनाले गर्ने लगानीको आधारभूत तथा प्राविधिक विश्लेषण गर्न सहयोग पुर्याउने विभिन्न सफ्टवेयरको खर्च पहिलो र दोस्रो वर्ष २,००,०००/- हुने र त्यसपछि प्रत्येक २ वर्षमा १०% ले वृद्धि हुने अनुमान गरिएको छ ।
१६. बोर्डले तोकेको अवस्थामा बाहेक उपर्युक्त शीर्षकका अतिरिक्त अन्य शीर्षकमा खर्च जनाइने छैन । खर्च जनाउनुपर्ने अवस्था आएमा बोर्डको पूर्व स्वीकृति लिईनेछ । अन्य शुल्कहरु नियमनकारी निकायले समय समयमा तोके बमोजिम हुनेछ ।
१७. योजनाले इकाई निक्षेप गरेको अवस्थामा सिडिएस एण्ड क्लियरीङ्ग लिमिटेड (CDSC) मा दर्ता शुल्क तथा रजिष्ट्रेशन शुल्क लगायत अन्य सम्बन्धित शुल्क,
१८. सामूहिक लगानी कोष नयमावली, निर्देशिका अनुसार उल्लेख भएको व्यवस्थाहरु खर्च गरिने छ ।

८.७. योजनाको मुनाफा वितरणको लक्ष्य : योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफा मध्ये आवश्यकता अनुसार संचित मुनाफा (Retained Earning) पून: लगानीका लागि उपयोग गरिनेछ ।

८.८. लगानी तथा लाभांशका सम्बन्धमा लागु हुने कुनै पनि कर सम्बन्धी व्यवस्था : नेपाल सरकारले तोकेको प्रचलित कानून बमोजिमको कर सम्बन्धी व्यवस्था लागू हुनेछ ।

८.९. योजनाका इकाईहरु अर्को योजनामा हस्तान्तरण हुने/नहुने कुरा र हुने भएमा सो को प्रक्रिया : योजनाको अवधि समाप्त भए पश्चात् योजनाको सम्पत्ति बिक्री गरी इकाईधनीहरुलाई समानुपातिक ढंगले वितरण गरिनेछ । यसका लागि सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३२ र नियम ३३ को व्यवस्था बमोजिम समयमा नै योजना खारेजीको प्रकृया अगाडी बढाइनेछ र सोको स्वीकृति पश्चात् तीन महिना भित्र योजनाको सम्पत्तिलाई नगदमा परिणत गरी समानुपातिक रुपमा वितरण गरिनेछ । योजनाका सम्पत्तिहरु तीन महिना भित्रमा नगदमा परिणत गर्न नसकिएको

अवस्थामा नियम ३३ को व्यवस्था भए बमोजिम नेपाल धितोपत्र बोर्डले थप तिन महिनाको म्याद थप गरिदिन सक्नेछ । तथापि बजारमा सोही प्रकृतिका अन्य सामूहिक लगानी योजनाहरु समेत संचालनमा रहेको आवस्थामा यस कम्पनी लिमिटेडले संचालन गरेको सामूहिक लगानी योजनाहरुलाई Redeem गर्ने समयमा पूँजी बजार प्रतिकुल समेत हुनसक्ने अवस्थालाई मध्येनजर गरी योजनाको अवधि समाप्त हुनु भन्दा कम्तीमा १ वर्ष अगाडि देखि नै बजारको अवस्था हेरि क्रमिक रुपले योजनाको लगानीलाई तरलतामा परिणत गर्ने प्रकृया शुरु गरी सो बाट प्राप्त रकमलाई मुद्दती निक्षेपमा राख्दै जाने योजना रहेको छ । यस योजनाका इकाईहरु कुनै अर्को योजनामा हस्तान्तरण गर्ने योजना रहेको छैन । इकाईधनीहरुको सहमति, कोष सुपरिवेक्षक तथा बोर्डको स्वीकृति/निर्देशनमा यस योजनालाई नयाँ योजनामा परिणत गर्न सकिनेछ । त्यस्तो अवस्था आएमा नयाँ योजनाको इकाई लिन नचाहने इकाईधनीहरुलाई नगद भुक्तानीको व्यवस्था पनि गर्न सकिनेछ ।

८.१०. खुद सम्पत्ति मूल्य गणना तथा सो को प्रकाशन सम्बन्धी व्यवस्था :

(क) खुद सम्पत्ति मूल्य गणना गर्ने विधि :

योजनाको कुल लगानीको मूल्यमा योजनाको खर्च कटाई खुद सम्पत्ति मूल्य गणना गरिनेछ । यसरी गणना गर्नका लागि देहाय अनुसाको समिकरण प्रयोग गरिनेछ :

प्रति इकाई खुद सम्पत्ति मूल्य = [(लगानी मूल्य) + (प्रतिफल) + (अन्य आय) - दायित्व तथा अपलेखन नगरिएको स्थगन तथा विविध खर्च] / [कुल इकाई संख्या]

(ख) खुद सम्पत्ति मूल्य प्रकाशन सम्बन्धी व्यवस्था :

योजनाको बिक्री बन्द भई बाँडफाँड भए पश्चात् ३० दिनभित्र योजना व्यवस्थापकले प्रथम पटक खुद सम्पत्ति मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ र त्यस पछि योजना व्यवस्थापकले प्रत्येक महिनामा योजना सम्बन्धी आफूले गरेका कामको देहायका विवरणहरु सो महिना समाप्त भएको पन्ध्र दिनभित्र कोष सुपरिवेक्षक र बोर्डलाई जानकारी गराई राष्ट्रियस्तरको पत्रिकामा कम्तिमा एक पटक प्रकाशन गरिनेछ । प्रत्येक हप्ता र महिनाको अन्त्यको खुद सम्पत्ति मूल्य निर्धारण गरी योजना व्यवस्थापकको वेबसाईट www.himalayaninvest.com मा सार्वजनिक गरिनेछ । योजना व्यवस्थापकले योजनाले धितोपत्रमा गरेको लगानीको रकम, लगानी गरेको धितोपत्रहरुको बजार मूल्य, योजनाको आम्दानी तथा खर्चहरु, योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य र सो गणनाको आधार आदि सम्बन्धी विवरणहरु प्रत्येक नेपाली महिना समाप्त भएको पन्ध्र दिनभित्र कोष सुपरिवेक्षक र बोर्डलाई जानकारी गराई राष्ट्रिय स्तरको पत्रिकामा कम्तीमा एक पटक प्रकाशन गर्नेछ र सो प्रकाशित विवरण आफ्नो वेबसाईटमा समेत राखिनेछ । साथै, वार्षिक रुपमा योजनाको लेखापरीक्षण गराई सो सम्बन्धी विवरण सार्वजनिक गरिनेछ ।

खुद सम्पत्ति मूल्य तथा योजनाको कार्य सम्पादन सम्बन्धी विवरण तथा जानकारी सार्वजनिक गर्ने सम्बन्धी व्यवस्था प्रचलित कानुन तथा बोर्डको निर्देशन बमोजिम हुनेछ ।

८.११. योजनामा अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(क) सामान्य जोखिम तत्वहरु :

(१) **सामूहिक लगानी कोषमा गरिने लगानी धितोपत्र बजारको जोखिमसँग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पूरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा :** सामूहिक लगानी कोष अन्तर्गत योजनाको लगानी धितोपत्र बजार लगायत अन्य विभिन्न क्षेत्रमा प्रवाह गरिने हुँदा धितोपत्र बजार तथा त्यस्तो लगानीमा निहित जोखिमले योजनाको लगानीको प्रतिफलमा प्रत्यक्ष असर पर्दछ ।

(२) **धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटबढ हुने सम्बन्धमा:** योजनाको खुद सम्पत्ति मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ । यसको लगानी मध्ये धितोपत्र बजारमा सूचिकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ ।

(३) **कोष प्रवर्द्धक, सुपरिवेक्षक वा योजना व्यवस्थापकको विगतको कार्यले निजहरुको भविष्यको कामको लागि निर्देशन वा सङ्केत गर्दैन भन्ने सम्बन्धमा :** योजना व्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाव किताब समेत छुट्टै रुपमा राख्ने र सो को नियमित रिपोर्टिङ्ग गर्ने गर्दछ । योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले योजनाको कार्य सम्पादनको स्तर (Performance Level) निर्धारण गर्ने भए तापनि कोष प्रवर्द्धक, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई सङ्केत वा निर्देशन गर्दैन ।

(४) **कोष प्रवर्द्धकले योजनामा कुनै हानी नोक्सानी भएमा सोको जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा :** योजनाको सञ्चालन तथा व्यवस्थापन प्रचलित कानुनको अधिनमा रही योजना व्यवस्थापकले नै गर्दछ । योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सोको जिम्मेवारी कोष प्रवर्द्धकले लिदैन ।

(५) **यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा :** यस योजना अन्तर्गत इकाईहरु निष्काशन गरी संकलन गरिएको रकम विभिन्न क्षेत्रमा लगानी गरिन्छ । योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने विषयलाई दृष्टिगत गरी कोषको सु-व्यवस्थापन गर्ने भएतापनि योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सु-निश्चितता भने गर्दैन ।

(ख) खास जोखिम तत्वहरु :

(१) **प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बीमाबाट मुनाफाको सु-निश्चितता भए नभएको के हो सो सम्बन्धमा :** यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अंकित मूल्यमा प्रत्येक आर्थिक वर्षको अन्तमा लगानी गरेको आधारमा योजनाले कमाएको खुद मुनाफा अनुपातमा लाभांश पाउने छन् । यसरी लाभांश दिंदा योजनालाई आफ्नो लगानी वापत प्राप्त हुने पूँजीगत मुनाफा, व्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन वा सम्पत्ति को मूल्य बृद्धि (Capital Gain) वा अन्य वित्तीय कारोबारबाट भएको आम्दानीबाट दिइनेछ । योजना व्यवस्थापकको संचालक समितिको निर्णय बमोजिम योजनाले खुद मुनाफाबाट लाभांश वितरण गर्न सक्नेछ । खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम संचित मुनाफा (Retained Earning) रहने छ । योजनाको कार्य प्रगतिका आधारमा आगामी वर्षहरुमा अझ बढी लाभांश प्रदान गर्न सकिने छ । कुनै वर्ष योजनाको आम्दानीले नखामेमा योजनाको संचित मुनाफाबाट लाभांश दिन सकिनेछ तथापि योजनाले हरेक वर्ष निश्चित मुनाफा दिने सुनिश्चितता भने रहँदैन ।

(२) **योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भैरहने ब्याज दर, व्यवसाय गरीने धितोपत्रको संख्या, राफसाफ गरिने पद्दती आदिले असर पार्ने सम्बन्धमा :** सामूहिक लगानी कोष सम्बन्धी कानूनी व्यवस्था तथा नितिहरुमा कुनै परिवर्तन भएमा योजना संचालन तथा सो को प्रतिफलमा समेत सोही अनुरुप असर पर्ने हुन्छ । साथै बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ । योजनाले धितोपत्र बजारमा सुचीकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरी योजनाको नाममा धितोपत्र खरीद बिक्री गर्ने हुँदा सो को राफसाफ प्रकृयाले योजनाको रकम प्राप्त गर्न लाग्ने समय निर्भर हुन्छ । ढिलो गरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने व्याज आम्दानीमा तलमाथि हुन गई योजनाको आम्दानीमा समेत केहि प्रभाव पर्न जाने तथा धितोपत्रको खरीद बिक्री कार्य ढिला हुन जाँदा बजार जोखिम समेत आकर्षित हुन सक्ने हुन्छ । साथै वित्तीय क्षेत्रमा कायम ब्याजदर घटेको अवस्थामा धितोपत्र तथा वित्तीय सम्पत्तीको मूल्याङ्कनमा बृद्धि हुने र बढेको अवस्थामा कम हुन जान सक्ने हुँदा यसको असर समेत योजनाको खुद सम्पत्ति मूल्यमा पर्न जाने हुन्छ । साथै बजारको अवस्था हेरी योजनाको नाममा धितोपत्र आवश्यकता अनुसार बिक्री गर्ने र सो वापतको रकम उपलब्ध हुन गाह्रो परेको अवस्थामा इकाईहरु पुर्नखरिद गर्दाको भुक्तानीमा कठिनाई उत्पन्न हुन सक्ने अवस्था रहन्छ जसका लागि योजना व्यवस्थापक कम्पनीबाट अग्रिम भुक्तानी लिने साथै बैंकहरु बाट कर्जा लिने व्यवस्था गरिने छ ।

(३) **रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ती मूल्यको स्थिरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा :** यस निष्काशनमा कोष प्रवर्द्धक र योजना व्यवस्थापकको रेटिङ्ग गरिएको र उक्त रेटिङ्गमा रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ति मूल्यको स्थिरताको सुनिश्चितता गर्ने छैन ।

(४) **ब्याजदर परिवर्तनबाट हुने जोखिम सम्बन्धमा :** योजनाले लगानी गर्ने कुल रकम मध्ये केहि रकम बैंक निक्षेप तथा बण्ड डिवेञ्चरहरुमा समेत लगानी गरिने हुँदा मुद्दती निक्षेप तथा अन्य कल निक्षेपमा दिईने ब्याजदरमा आउने परिवर्तनले योजनाको आयमा समेत सोही अनुरुप असर पार्ने हुन्छ । साथै सम्पत्ति को मूल्याङ्कन (Valuation) गर्दा प्रचलित ब्याजदरलाई आधार मानि गरिने हुँदा प्रचलित ब्याजदरमा हुने परिवर्तनले योजना अन्तर्गतको सम्पत्तिको मूल्यांकनमा समेत परिवर्तन हुन सक्ने हुँदा यस्तो प्रकारको जोखिम रहन्छ ।

(५) **योजना शुरु गर्ने बेलामा भएको खर्च तथा वार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने सम्बन्धमा :** योजना निष्काशन गर्दा लाग्ने योजना दर्ता शुल्क, निष्काशन तथा बिक्री प्रबन्ध शुल्क तथा यसको वार्षिक खर्चहरु जस्तैः कोष व्यवस्थापन तथा डिपोजिटरी शुल्क, कोष सुपरिवेक्षक शुल्क, लेखापरीक्षण शुल्क, बार्षिक सुचीकरण तथा नविकरण शुल्क आदि खर्चहरु योजनाको कुल सम्पत्ति मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ति मूल्य गणना गरिने हुँदा योजनाको संचालन तथा वार्षिक खर्चले यसमा प्रभाव पार्ने हुन्छ ।

(६) **इक्वीटी सम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुबैको जोखिम बोकिरहेका हुन्छन् भन्ने कुरा उल्लेख गर्ने :** इक्वीटीको मूल्यमा बजारको उतार चढाव सम्बन्धी जोखिमका साथै उक्त उपकरण जारी गर्ने कम्पनीको कार्य सम्पादनको जोखिम रहने हुन्छ । योजनाले यस्ता उपकरणहरुमा लगानी गर्दा यो जोखिमहरुले समेत प्रभाव पार्ने हुन्छ ।

(७) **ऋण जोखिम भित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्ने कुरा जस्तो की सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा :** कुनै पनि संस्थाले जारी गरेको ऋणको सावाँ तथा व्याज भुक्तानी उक्त संस्थाको ईच्छा तथा क्षमतामा भर पर्ने हुन्छ । योजनाले लगानी गर्ने ऋणपत्रमा त्यस प्रकारको जोखिम रहने हुनसक्छ । तर योजनाले सरकारी ऋणपत्रमा लगानी गरेको छ भने उक्त लगानीको सवालमा योजनामा यस्तो प्रकारको जोखिम रहदैन ।

(८) **तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति बिक्री गर्न योग्य वा सहज छ त्यतीनै तरलता आउने बारे उल्लेख गर्ने :** योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तिमा परिणत गर्नका लागि उक्त धितोपत्रको तरलतामा निर्भर गर्ने हुँदा योजनामा तरलता सम्बन्धी जोखिम रहन सक्छ ।

(९) **ब्याजदरमा हुने जोखिम यसको गतिविधिमा निर्भर गर्छ भन्ने कुरा जस्तो की सरकारले ऋण लिएमा, मुद्रा स्फीती भएमा आदी बारे :** ब्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ । सरकारी ऋण बृद्धि भएमा वा मुद्रा स्फीती भएमा सो को असर ब्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा ब्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ ।

(१०) **पुनः लगानी जोखिम यथावत रहने कारणमा ब्याज दरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुनः लगानीमा प्रयोग हुने हुँदा पूनलगानी जोखिम बारे खुलाउने :** ऋणपत्रमा तथा

बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त ब्याज आम्दानी पुनः लगानी गरिने हुन्छ । यदि ब्याजदरमा परिवर्तन भएमा यसरी प्राप्त ब्याज रकम पूनः लगानी गर्दा उत्तिकै प्रतिफल प्राप्त गर्न नसकिने जोखिम रहन सक्दछ ।

(११) **योजना शुरु गर्ने बेलामा भएको खर्च तथा वार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने बारे :** योजना निष्काशन गर्दा लाग्ने योजना दर्ता शुल्क, निष्काशन तथा बिक्री प्रबन्ध शुल्क तथा यसको वार्षिक खर्चहरु जस्तैः कोष व्यवस्थापन तथा डिपोजिटरी शुल्क, कोष सुपरिवेक्षक शुल्क, लेखापरीक्षण शुल्क, वार्षिक सुचीकरण तथा नविकरण शुल्क आदि खर्चहरु योजनाको कुल सम्पत्ति मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ति मूल्य गणना गरिने हुँदा योजनाको संचालन तथा वार्षिक खर्चले यसमा प्रभाव पार्ने हुन्छ ।

(१२) **योजना अन्तर्गत लगानी गरिने विभिन्न प्रकारका धितोपत्रहरुले विभिन्न प्रकारका जोखिम बहन गर्ने कुरा जस्तो की सरकारी ऋणपत्रभन्दा व्यापारिक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा :** योजनाले विभिन्न प्रकारको धितोपत्रमा लगानी गर्ने हुन्छ । यी धितोपत्रहरुमा शेयर, अग्राधिकार शेयर, डिवेञ्चर, सरकारी ऋणपत्र आदि हुन्छन् । यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिवेञ्चर कम जोखिमपूर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिम रहित धितोपत्र मानिन्छ । योजनाले यस्ता धितोपत्रमा गरेको लगानीमा लगानी अनुपात अनुरुपको जोखिम रहन सक्छ ।

(१३) **योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिप्स्, फ्युचर, अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्नेः** भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलब्ध भएमा नेपाल धितोपत्र बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ । त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ ।

(१४) **योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सो मा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तनबाट हुने जोखिम बारे उल्लेख गर्ने :** योजनाले यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको स्वीकृतिमा लगानी गरिनेछ । त्यस अवस्थामा विदेशी मुद्रा परिवर्तनबाट हुने जोखिमको असर योजनाको जोखिम तथा प्रतिफलमा पर्न सक्छ ।

(१५) **योजनाको अवधिभर सोको मूल्य बृद्धिको अवसर रहने तर सोको बोनस नपाउने बारे :** योजनाको कार्य सम्पादनको आधारमा योजना अन्तर्गतका इकाईहरुको मूल्य बृद्धि हुने सम्भावना रहन्छ । योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले लाभांश वितरण गर्न सक्ने अवस्था हुन्छ । तथापि योजनाले कुनै प्रकारको बोनस भने वितरण गर्ने छैन ।

(ग) **जोखिम व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :** योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि योजना व्यवस्थापक कम्पनी सदैव सचेत रहनेछ र सो का लागि बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी सो को व्यवस्थापनका लागि निम्न उपायहरु अवलम्बन गर्नेछ :

(क) लगानी गरिने धितोपत्रको कारोबार सम्बन्धी विवरण र धितोपत्र निष्काशन कम्पनीको वित्तीय विवरणहरु तथ्यांक प्रणालीको विकास गरिएको छ । सो को निरन्तर अधावधिक गर्ने व्यवस्था समेत गरिएको छ ।

(ख) धितोपत्रमा लगानी गर्नुपूर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा पर्याप्त विश्लेषण गरेर मात्र लगानी निर्णय गरिने छ र यसका लागि योजना व्यवस्थापकले अभ्यासमा ल्याएको प्राविधिक तथा वित्तीय विश्लेषण विधिको उपयोग गरिने छ ।

(ग) लगानी विश्लेषणका लागि अनुसन्धान विभागको व्यवस्था गरिएको छ जसमा प्राविधिक विश्लेषक (Technical Analyst) र वित्तीय विश्लेषकको रुपमा चार्टर्ड एकाउन्टेन्टको व्यवस्था गरिएको छ ।

(घ) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखि धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तिमा परिणत गर्ने तथा तरल सम्पत्तिलाई लगानीमा परिणत गर्ने व्यवस्था मिलाईनेछ ।

(ङ) लगानीमा हुने जोखिम न्युनीकरण गर्न तथा प्रतिफललाई उच्च राख्नका लागि प्रत्येक लगानीमा रहेको जोखिम तथा प्रतिफलको विश्लेषण गरेर उपयुक्त जोखिम प्रतिफल अनुपातलाई मध्यनजर गरी कम जोखिम हुने तथा प्रतिफल उच्च हुनसक्ने देखिएका विभिन्न उपकरणहरुमा लगानी गर्ने र सामूहिक लगानी कोष नियमावली र निर्देशिकाको लगानी सिमालाई पूर्ण रुपमा पालना गरी बढी भन्दा बढी लगानी उपकरणहरुमा लगानी गरी लगानी विविधिकरण गरिनेछ ।

(च) तरलता व्यवस्थापनमा उच्च सतर्कता अपनाईनेछ ।

(छ) लगानी तथा जोखिम व्यवस्थापनका लागि म्युचुअल फण्ड सफ्टवेयरको समेत उपयोग गर्ने व्यवस्था गरिएको छ र लगानीलाई निरन्तर अनुगमन गरि प्रमुख संचालन अधिकृतको संयोजकत्वमा गठित लगानी समिति, स्वतन्त्र संचालकको संयोजकत्वमा जोखिम तथा लगानी व्यवस्थापन समिति र समय समयमा संचालक समितिमा छलफल गरी लगानी सम्बन्धी निर्णय गर्ने र आवश्यकता अनुसार पुनरावलोकन गर्ने व्यवस्था गरिएको छ ।

९. इकाई निष्काशन सम्बन्धी विवरण :

९.१ इकाई बिक्री खुल्ला गरिने मिति तथा अवधि :

यस विवरण पुस्तिकाद्वारा निष्काशन गरिने इकाईको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन तथा अधिकतम १५ दिनको लागि हुनेछ । बोर्डबाट विवरण पुस्तिका स्वीकृत भएको २ महिना भित्र इकाईहरुको बिक्री खुल्ला गरिनेछ।

९.२ आवेदन सङ्कलन केन्द्र (बिक्री केन्द्र सम्बन्धी जानकारी) :

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयहरु यस निष्काशनको लागि संकलन केन्द्रको रुपमा रहनेछन् ।

९.३ आवेदन दिन सक्ने व्यक्ति तथा संस्थाहरु :

नियमावली एवं निर्देशिकाको अधिनमा रही नेपाली नागरिक, गैरआवसीय नेपालीको प्रमाणपत्र (परिचयपत्र) जारी भएका व्यक्ति, प्रचलित कानुन बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक तथा वित्तीय सस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चयकोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् ।

९.४ खरिद गर्न सकिने न्यूनतम तथा अधिकतम इकाई संख्या :

प्रारम्भिक बिक्रीको क्रममा तथा तत्पश्चात् आवेदकले न्यूनतम १०० (एक सय) इकाई तथा सो भन्दा माथि १० (दश) अंकको गुणाङ्कमा अधिकतम ४,००,००,०००(चार करोड) इकाई सम्म खरिदका लागि आवेदन दिन सक्नेछन् ।

९.५ इकाईको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(१) योजनाको सम्पूर्ण इकाई बिक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुल्ला राख्नुपर्ने न्यूनतम अवधि व्यतित भएपछि योजना व्यवस्थापक/निष्काशन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी प्रारम्भिक इकाई बिक्री बन्द गर्न सक्नेछ ।

(२) यस विवरण पुस्तिका अनुसार बिक्री खुल्ला भई निवेदन दिने अवधि भित्र प्राप्त भएको आवेदन बराबरको इकाई बाँडफाँड गर्न सकिनेछ ।

(३) यस विवरण पुस्तिका अनुसार इकाई बिक्री खुल्ला अवधिसम्म पनि आह्वान गरेको न्यूनतम पचास प्रतिशत इकाई खरीद गर्नको लागि आवेदन प्राप्त नभएमा योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता गरिनेछ ।

(४) इकाई बाँडफाँड गर्दा यस विवरण पुस्तिकामा उल्लेखित अधिकतम सिमासम्मको मात्र इकाई बाँडफाँड गरिनेछ । तर यस विवरण पुस्तिका मार्फत निष्काशन गरिएको भन्दा बढी संख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई संख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँड गरिनेछ ।

(५) इकाईको बाँडफाँड सम्बन्धी अन्य व्यवस्था प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" बमोजिम हुनेछ ।

(६) योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्जमा सूचीकरण गरी दोश्रो बजारमा कारोबारको व्यवस्था मिलाइनेछ ।

९.६ आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु :

(१) कुनै पनि नेपाली नागरिक, गैरआवासीय नेपालीको प्रमाणपत्र (परिचयपत्र) जारी भएका व्यक्ति, प्रचलित कानुन बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक तथा वित्तीय सस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चय कोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् ।

(२) यस योजना खरिद गर्ने योजनाका इकाईधनीहरुको कोष प्रवर्द्धक तथा योजना व्यवस्थापकको कनै पनि निर्णय प्रक्रियामा मताधिकार हुने छैन साथै संचालकको निर्वाचनमा उम्मेदवारी दिने, समर्थन जनाउने, प्रोक्सी दिने र मतदान गर्न सक्ने छैन । तर निजहरु योजनाबाट प्राप्त हुने लाभांश लिन योग्य हुनेछन् ।

(३) यस विवरणपत्र मार्फत जारी हुने इकाई खरिद गर्न आवेदकले न्यूनतम १०० (एक सय) इकाई तथा सो भन्दा माथि १० (दश) अंकको गुणाङ्कमा अधिकतम ४,००,००,००० (चार करोड) इकाई सम्म खरिदका लागि आवेदन दिन सक्नेछन् ।

(४) कोष प्रवर्द्धक तथा योजना व्यवस्थापकको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र योजना व्यवस्थापकको कार्यालयमा उपस्थित भई हेर्न सकिनेछ ।

(५) दरखास्तवालाले इकाई खरिदका लागि दरखास्त दिँदा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु स्पष्ट रुपमा खुलाई आस्बा सदस्यहरुले तोकेको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(क) आवेदन फाराममा आवेदकको नाम थर नेपाली/अंग्रेजीमा उल्लेख गर्नुपर्ने ।

(ख) आवेदन दिंदा शेयर जारी गर्ने कम्पनीको नाम, आवेदन गरिएको संख्या, रकम स्पष्ट बुझिने गरि उल्लेख गर्नुपर्ने ।

(ग) आफ्नो बैंक खाता र हितग्राही (DEMAT) खाता सहि/स्पष्ट उल्लेख गरिनुपर्ने ।

(घ) आवेदकले आफ्नो स्वयंको हितग्राही (DEMAT) खाता उल्लेख गर्नुपर्ने ।

(ङ) बैंक खाता रोक्का भएको यकिन गर्नुपर्ने ।

(च) आवेदन गरेको निस्सा/प्रमाण, बैंक/वित्तीय संस्थासंग अनिवार्य लिनुपर्ने ।

(६) धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरी सो कुराको जानकारी सम्बन्धित आस्बा सदस्य मार्फत आवेदन दिनेछ ।

(७) आवेदकले हितग्राहि खाता उपलब्ध गराउँदा निक्षेप सदस्यकोमा भएको वास्तविक नाम, थर, र तिन पुस्ता हुबहु उल्लेख गर्नुपर्नेछ । फरक परी बाँडफाँडमा नपरे आवेदक स्वयम् जिम्मेवार हुनेछ ।

(८) रु.५,००,०००/- भन्दा कमको आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदन फारममा आफनो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ ।

(९) आवेदन दिँदा आस्वामा सदस्य रहेका बैंक/वित्तिय संस्थाहरुले तोकेको निर्दिष्ट ढाँचामा आफूले खरिद गर्न चाहेको इकाई सख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ ।

(१०) एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण इकाईको लागि एकभन्दा बढी आवेदन दिन पाइने छैन । यदि एकै व्यक्तिले एकभन्दा बढी आवेदन दिएमा सम्पूर्ण आवेदन रद्द गरिनेछ ।

१०. इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार तथा सेवा :

१०.१. इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने अधिकार :

(क) योजनाको लगानी नीति, उद्देश्य तथा वित्तीय अवस्था बारे जानकारी प्राप्त गर्ने,

(ख) योजनाले वितरण गरेको प्रतिफल प्राप्त गर्ने,

(ग) योजना अन्तर्गतका आफ्नो नाममा रहेका इकाईहरु आफ्नो सम्पत्ति सरह वितरकको माध्यमबाट बिक्री गर्ने तथा खरिद गरिएका इकाईहरु आफ्नो हितग्राही खातामा प्राप्त गर्ने,

(घ) योजना व्यवस्थापकको कार्य सम्पादन सम्बन्धमा वा योजना खारेजीका सम्बन्धमा आफ्नो मत राख्ने,

(ङ) योजना सञ्चालन सम्बन्धमा कुनै गुनासो भए योजना व्यवस्थापक, कोष सुपरिवेक्षक तथा बोर्डमा गुनासो राखी समाधान गराउने,

(च) योजनाको समाप्तिमा कायम भएको खुद सम्पत्ति मूल्य अनुरुपको रकम फिर्ता प्राप्त गर्ने अधिकार रहने छ । योजनाको वित्तीय विवरण नियमावलीले व्यवस्था गरे बमोजिम प्राप्त गर्ने ।

१०.२. इकाईधनी (योजनाका सहभागी) लाई प्राप्त हुने सेवा : खरिद गरेको योजनाको इकाई बाँडफाँड गरे पश्चात् सम्बन्धित शेयरधनीको हितग्राही खातामा इकाई जम्मा गरिनेछ ।

११. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

योजना निष्काशनका बखत उत्पन्न हुनसक्ने गुनासोहरुलाई सम्बन्धित सङ्कलन केन्द्र तथा योजना व्यवस्थापकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाइनेछ । साथै, योजना व्यवस्थापकले योजना सञ्चालनको क्रममा सहभागीहरुको बीचमा वा योजना र सहभागीहरुका बीचमा कुनै विवाद उठेमा त्यसको समाधानका लागि योजना व्यवस्थापकका अधिकृत श्री संगिता खनाल नियम पालना अधिकृतको रुपमा नियुक्त गरिएको छ । नियम पालना अधिकृतले प्राप्त गुनासो सुन्ने, सो को समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासोहरुलाई कानुन सम्मत तरिकाले आफ्नै तहबाट समाधान गर्नेछन् । यसरी समाधान हुन नसक्ने तथा जटिल प्रकृतिका गुनासो प्राप्त भएमा सम्भव भएसम्म योजना व्यवस्थापकबाट र सम्भव नभएमा कोष सुपरिवेक्षक समक्ष राखी सो को समाधान गरिनेछ । लगानीकर्ताहरुले देहाय बमोजिमको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन् :

फोन नं.: ०१-५९२०३४२ इमेल: info@himalayaninvest.com

निष्काशन बैंक सम्बन्धी व्यवस्था : देहायका बैंकलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ ।

क.सं	निष्काशन बैंकको नाम, ठेगाना	खाताको नाम	खाता नम्बर
१	श्री हिमालयन बैंक लिमिटेड,बानेश्वर,काठमाडौं ।	HIBL- HLI Large Cap Fund	24421913540022

साथै आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरु तथा राष्ट्रियस्तरको विकास बैंकहरुलाई समेत निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

१२. योजना व्यवस्थापकको प्रतिबद्धता पत्र (Due Diligence Certificate) **को प्रति :**

HIMALAYAN
INVESTMENT BANKER LIMITED.
A SUBSIDIARY OF HIMALAYAN LIFE INSURANCE LIMITED.

च. न. :०२३/०८२/०८३

मिति :२०८२/०४/०९

श्री नेपाल धितोपत्र बोर्ड

खुमलटार, ललितपुर ।

विषय : प्रतिबद्धता पत्र ।

महाशय,

यस हिमालयन इन्भेष्टमेन्ट बैंकर लिमिटेडले हिमालयन लाइफ इन्सुरेन्स म्युचुअल फण्ड अन्तर्गत **एचएलआई लार्ज क्याप फण्ड** निष्काशन तथा बिक्री गर्ने प्रयोजनका लागि तयार गरेको विवरण पुस्तिकाका सम्बन्धमा यस कम्पनीको तर्फबाट देहाय अनुसारको प्रतिबद्धता पेश गर्दछु ।

१. इकाई बिक्री प्रस्ताव धितोपत्र ऐन, २०६३, सामुहिक लगानी कोष नियमावली, २०६७ तथा सामुहिक लगानी कोष सम्बन्धी निर्देशिका, २०६९ बमोजिम अगाडि बढाईएका हुन ।

२. योजना शुरु गर्न आवश्यक सबै कानूनी प्रावधान, सरकार तथा अन्य नियामक निकायबाट जारी निर्देशनहरुको पालना गरिएको छ ।

३. विवरण पुस्तिकामा खुलाईएका विवरणहरु सहभागीलाई प्रस्तावित नयाँ योजनामा लगानी गर्न सत्य तथा पर्याप्त रहेका छन् ।

Himalayan Investment Banker Ltd. Kathmandu

सुमेर शम्सेर ज.व. राणा

प्रमुख कार्यकारी अधिकृत

Baneshwor 10, Kathmandu | Phone no.: 01-5920341/342 | Email: himalayaninvestment.banker@gmail.com

१३. यस विवरण पुस्तिकामा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत :

क.सं.	सञ्चालकहरुको नाम	पद	दस्तखत
१	श्री कपिल कुमार दाहाल	अध्यक्ष	
२	श्री राजन प्रसाद अधिकारी	सञ्चालक	
३	श्री उत्सब प्रधानाङ्ग	सञ्चालक	
४	श्रीमती विनु घिमिरे	स्वतन्त्र सञ्चालक	
५	श्री नारायण कुमार अधिकारी	स्वतन्त्र सञ्चालक	

१४. लेखापरिक्षकद्वारा प्रक्षेपित वित्तीय विवरणको प्रमाणिकरण :

A.P.M. & Associates
Chartered Accountants
P.O.Box: 858, Room No. 402, 4th floor
Radhabhawan, Tripureshwor Kathmandu, Nepal
Phone: +977-1-4245408, 4260525,
E-mail- info@apmnepal.com, Web: www.apmnepal.com

REPORT ON THE EXAMINATION OF PROSPECTIVE FINANCIAL INFORMATION

To the Management of Himalayan Investment Banker Limited,

We have examined the projection of HLI Large Cap Fund which includes Projected Statement of Financial Position, Projected Statement of Profit or Loss and Other Comprehensive Income, Projected Changes in Equity, Projected Statement of Cash Flows and Major Assumptions to the Projected Financial Statements in accordance with the Nepal Standard on Assurance Engagements 3400 applicable to the examination of prospective financial information.

The management is responsible for the preparation and presentation of the projection including the assumptions set out in Major Assumptions to the Projected Financial Statements on which it is based.

Our responsibility is to examine the evidence supporting the assumptions (except hypothetical assumptions) and express an opinion on the projection based on our examination.

The projection has been prepared for HLI Large Cap Fund which is proposed as a close-end fund under Himalayan Life Insurance Mutual Fund sponsored by Himalayan Life Insurance Limited Fund managed by Himalayan Investment Banker Limited. As the mutual fund is a proposed new fund offer, the projected financial statements have been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, readers are cautioned that this projection may not be appropriate for purposes other than that described above.

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection, assuming that the hypothetical assumptions are achieved. Further, in our opinion the projection is properly prepared on the basis of the assumptions set out in Major Assumptions to the Projected Financial Statements.

Even if the events anticipated under the hypothetical assumptions occur, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material. We have no responsibility to update this report for events and circumstances occurring after the date of this report.

For, **A.P.M. & Associates**
Chartered Accountants

CA Ankit Tayal
Partner
Date: 24/07/2025
UDIN No: 35072CA00676NjX72